कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल
(प्रशासन शाखा)

आ.व २०८०/०८१ मा आन्तरिक आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र/दरभाउपत्रको शिलबन्दी सूचना

बोलपत्र/दरभाउ पत्र आह्वान

दोस्रो पटक प्रकाशित: २०८०/ ०४/१०

कोशी गाउँपालिकामा निम्न अनुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन आ.व. २०८०/०८१ को लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रहि इच्छुक फर्महरुबाट तोकिएको समयभित्र आफूले ठेक्का लिन चाहेको ठेक्काको बोलपत्र/दरभाउपत्र यस गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो बोलपत्र/दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

ठेक्काको विवरण :

क. स.	कर संकलन गर्ने क्षेत्र	न्यूनतम ठेक्का अंक (मु.अ.कर वाहेक)	बोलपत्र दस्तुर	बोलपत्रको जमानत रु	समय अवधि
१	कोशी गाउँपालिका क्षेत्रभित्र निजि जग्गाबाट निकासी हुने बलुवा, माटो र भरौट सम्बन्धी कर	१०००००००।	३०००।–	५००००।	३० दिन
२	पूर्वाधार सेवा, शुल्क तथा व्यवसायीक कर भन्टावारी/कोशी ब्यारेज	२०,००००।	३०००।–	१००००।	१५ दिन

१. बोलपत्र/दरभाउपत्र साथ सकार गरेको वार्षिक ठेक्का रकमको ५ प्रतिशतले हुने पाउने रकम धरौटी बापत कोशी गाउँपालिकाको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लौकहीमा रहेको खाता नं २९१०१४०००००१४७ मा जम्मा गरेको सक्कली बैंक भौचर संकलग्न गर्नुपर्नेछ।

२. बोलपत्र /दरभाउपत्र साथ पेश गर्ने फर्म /ठेक्केदारले नेपाली नागरिकताको प्रतिलिपि र इजाजत प्राप्त फर्मको प्रमाण पत्रको प्रतिलिपी नविकरण तथा कर चुक्ता लगायत प्रमाणित कागजात संलग्न गर्नुपर्नेछ।

३. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र /दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने) गरि तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

४. म्याद नाघि आएको वा रित नपुगेको बोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिनेछैन।

५. बोलपत्र /दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ।

६. ठेक्का सुरक्षित भएको बोलपत्र/दरभाउपत्र दाताले आफूले काबोल गरेको स्विकृत ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा मु.अ. कर बाहेक कुल ठेक्का रकमको १०(दश) प्रतिशत सम्म छुट दिइनेछ।

७. बोलपत्र /दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०/१५ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

८. शिलबन्दी बोलपत्र /दरभाउपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले ३१/१६ औ दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ।

९. दर्ता भएको शिलबन्दी बोलपत्र/दरभाउपत्रहरु ३१/१६ औ दिनको ३ बजे खोलिने छ।

१०. ठेक्का सुरक्षित भएको बोलपत्र/दरभाउपत्र दाताले आफूले काबोल गरेको स्वीकृत ठेक्का रकमको पहिलो किस्ता २५ प्रतिशत वापत बुझाएको नगद रकम कट्टा गरी बाँकी बुझाउनु पर्ने किस्ताको बैंक गरेन्टी अनिर्वाय पेश गर्नु पर्ने छ। अन्यथा ठेक्का सम्झौता गरीने छैन।

११. बन्द हडताल अन्य मानव सिर्जित कारणहरुबाट कर छुट र मिन्हा गर्ने छैन।

१२. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१३.माथि उल्लेखित ठेक्का बन्दोबस्तका लागि सम्बन्धित निकायबाट मान्यता प्राप्त न्यूनतम घ वर्गका इजाजत प्राप्त फर्महरु /ठेकेदारहरुबाट मात्र शिलबन्दी बोलपत्र/दरभाउपत्रमा सहभागी हुन पाउनेछन।

१४. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

कोशी गाउँपालिकाको कार्यालय
लौकही, सुनसरी